मिति : २०७५ असार ३२ गते
समय : विहान ८.०० बजे
स्थान : धनकुटा नगर कार्यपालिकाको कार्यालय

बैठक : धनकुटा नगर कार्यपालिका कार्यसम्पादन नियमावली, २०७४ को नियम १० बमोजिम नगर कार्यपालिकाको सोह्र बैठक

अध्यक्षता : प्रमुख श्री चिन्तन तामाङ्ग दस्तखत

उपस्थिति विवरण :

| क्र.स. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १ | उपप्रमुख | श्री शकुन्तला बस्नेत | |
| २ | वडाध्यक्ष | श्री निरेन तामाङ्ग | |
| ३ | वडाध्यक्ष | श्री चन्द्रलाल तामाङ्ग | |
| ४ | वडाध्यक्ष | श्री विकास घिमिरे | |
| ५ | वडाध्यक्ष | श्री जम्सेर राई | |
| ६ | वडाध्यक्ष | श्री धनकुमार राई आठपहरिया | |
| ७ | वडाध्यक्ष | श्री नरेश श्रेष्ठ | |
| ८ | वडाध्यक्ष | श्री जंगबहादुर राई | |
| ९ | वडाध्यक्ष | श्री सुमन राई | |
| १० | वडाध्यक्ष | श्री मनोज राय | |
| ११ | वडाध्यक्ष | श्री कमल बहादुर कार्की | |
| १२ | कार्यपालिका सदस्य | श्री जहानश्वरी राई | |
| १३ | कार्यपालिका सदस्य | श्री कल्पना राई | |
| १४ | कार्यपालिका सदस्य | श्री रमा बराल | |
| १५ | कार्यपालिका सदस्य | श्री सुलोचना बसेल | |
| १६ | कार्यपालिका सदस्य | श्री कल्पना थापा | |
| १७ | कार्यपालिका सदस्य | श्री मदन बसेल | |
| १८ | कार्यपालिका सदस्य | श्री सूर्य बहादुर राई (आठपहरिया) | |
| १९ | कार्यपालिका सदस्य | श्री सर्मिता राई | |
| २० | प्रमुख प्रशासकीय अधिकृत | श्री टीकादत्त राई | |
| २१ | प्रशासकीय अधिकृत | श्री डम्बर रोगु | |
| २२ | आमान्त्रीत | श्री राजु गुरागाईं (राजश्व अधिकृत) | |

प्रस्तावहरु :
१. धनकुटा नगरपालिका घर वहाल कर संकलन सम्बन्धी कार्यविधि सम्बन्धमा ।
२. धनकुटा नगरपालिका वडा नं. ९ स्थित सामुदायिक स्वास्थ्य केन्द्र सञ्चालन सम्बन्धमा ।
३. कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।
४. विविध ।

निर्णय नं. १
धनकुटा नगरपालिकाको क्षेत्रमा आर्थिक बर्ष २०७५/७६ देखि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम बहाल कर संकलनलाई सरल पारदर्शी र व्यवस्थीत बनाउनका लागि बहाल करको क्षेत्रगत मूल्याङ्कन दर सहित तयार भएको धनकुटा नगरपालिका बहाल कर निर्देशिका, २०७५ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २

धनकुटा नगरपालिका राजश्व परामर्श समितिको मिति २०७५।३।२७ को निर्णय बमोजिम सिफारिस भए अनुसार धनकुटा नगरपालिका वडा नं. ५ स्थित विहिबारे हटियाको ठेक्का अंक परिमार्जन गरी रु. ४,००,०००।- (चार लाख) कायम गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

धनकुटा नगरपालिका वडा नं. ६ स्थित बहु उद्धेश्यीय सामुदायिक भवनको बार्षिक भाडा रकम आर्थिक बर्ष २०७५/७६ को लागि परिमार्जन गरी बार्षिक भाडा रकम रु. १,००,०००।- (एक लाख) कायम गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

धनकुटा नगरपालिका वडा नं. ९ विश्रान्ती स्थित सामुदायिक स्वास्थ्य केन्द्र नेपाल सरकार स्वास्थ्य मन्त्रालयको बिशेष कार्यक्रमबाट सञ्चालन हुँदै आएको आगामी आर्थिक बर्ष देखि उक्त केन्द्र सञ्चालनको लागि संघीय सरकारबाट बजेट प्राप्त नहुने भएकाले २०७५ साल श्रावण १ गते देखि धनकुटा नगर कार्यपालिकाको स्रोतबाट जनशक्ति तथा अन्य प्रशासनिक खर्च व्यवस्थापन हुने गरी सो सामुदायिक केन्द्र निरन्तर रुपमा संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

धनकुटा नगर कार्यपालिका कार्यालयको कर्मचारी दरवन्दी विवरणलाई यथावत कायम राखी स्वीकृत मध्ये दरबन्दीहरु मध्ये रिक्त रहेका दरबन्दीमा यथाशिघ्र पदपूर्ति समितिमार्फत करार सेवामा पदपूर्ति गर्ने र प्रमुखको सचिावलय व्यवस्थापनका लागि अधिकृतस्तर छैठौं तह सरहको शाखा अधिकृत पद १ (एक) करार दरबन्दी सिर्जना गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

धनकुटा नगर कार्यपालिकाको कार्यालयबाट पेश भए अनुसार कार्यालयमा कार्यरत अस्थायी, करार र सेवा करार कर्मचारीको म्याद २०७५ साल श्रावण १ देखि २०७५ साल पौष मसान्त सम्मको लागि थप गरी सम्बद्ध पदको न्यूनतम् तलब पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७

धनकुटा नगरपालिकाको चालु आर्थिक बर्षमा सम्पन्न गरिएका योजना तथा कार्यक्रम लगायतका कार्यक्रमहरुको बजेट नपुग भई भूक्तानी बाँकी रहेका आर्थिक प्रशासन शाखाबाट पेश भए अनुसारको विवरणको बाँकी भूक्तानी आगामी आर्थिक बर्षमा दिने निर्णय गरियो ।

निर्णय नं. ८

धनकुटा नगरपालिकामा सञ्चालित सामाजिक परिचालन कार्यक्रमलाई आगामी आर्थिक बर्ष २०७५/७६ मा समेत निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. ९

प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. १, विराटनगरबाट स्वीकृत गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ अनुसार निर्धारित अनुसूची १ (ख) अनुसार निर्धारित सेवा सुविधा नियमित रुपमा लिने र पोशाक भत्ता रु. १०,०००।- (दश हजार) र  मासिक रुपमा तोकिए बमोजिमको मासिक भत्ता बरावरको रकम चाडपर्व खर्च बापतको सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १०

बैकल्पीक उर्जा विकास प्रबर्द्धन केन्द्र काठमाडौंको सहयोगमा धनकुटा नगर क्षेत्र विपन्न बस्तीमा घरेलु सौर्य उर्जा प्रणाली जडान गर्न जम्मा १९६ परिवारको लागि सहयोग प्राप्त भएकाले घरेलु सौर्य प्रणाली सम्बद्ध व्यक्तिहरुलाई हस्तान्तरण गर्ने र उक्त सहयोग प्रति धन्यवाद् सहित आगामी आर्थिक बर्षमा समेत निरन्तर सहयोगका लागि प्रस्ताव पठाउने निर्णय गरियो ।